प्रशासकिय अधिकृत

# दिगो विकासका लागि नागरिक मञ्च (सिविक फोरम)
## Civic Forum for Sustainable Development (Civic Forum)
२०६० को विधान
(दोश्रो संशोधन २०७६ सहित)

| क्र.सं. | परिच्छेद दफा | पहिला भएको | हाल संशोधित वा थप भएको व्यहोरा | संशोधन वा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | **परिच्छेद - एक**<br>प्रारम्भिक<br>दफा ०५: संस्थाको कार्यालय | यस संस्थाको केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनखुचौर गाउँ विकास समिति वडा नं.१, गोल्टारमा रहनेछ । आवश्यकता अनुसार कार्य समितिले निर्णय गरी कार्यालय अन्यत्र सार्न सक्ने तथा शाखा, उप-शाखा र सर्म्पक कार्यालयहरु समेत खोल्न सकिनेछ, तर अन्यत्र कार्यालय खोल्दा सम्बन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ । | यस संस्थाको केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला महाभारत गाउँपालिका वडा नं.६, बनखुचौरको गोल्टारमा रहनेछ । आवश्यकता अनुसार कार्य समितिले निर्णय गरी कार्यालय अन्यत्र सार्न सक्ने तथा शाखा, उप-शाखा र सर्म्पक कार्यालयहरु समेत खोल्न सकिनेछ, तर अन्यत्र कार्यालय खोल्दा सम्बन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृती अनिवार्य रुपमा लिनु पर्नेछ । | नेपालको संविधान, २०७२ अनुसार राज्य पुर्नसंरचना भएकोले । |
| | **परिच्छेद - दुई**<br>उद्देश्य<br>दफा ०७: संस्थाको उद्देश्यहरु | (र) सम्म उल्लेख भएको । | (ल) खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन (वास) गतिविधिहरु संचालनमा समुदायलाई सहयोग पुऱ्याउने ।<br>(व) संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारद्धारा स्वीकृत मापदण्डहरु अनुसार सहमति लिई जोखिममा परेका वालवालिकाहरुको लागि भाईबहिनी हेरचाह केन्द्र (आवास गृह) संचालन तथा पठनपाठनको व्यवस्था मिलाउन पहल गर्ने ।<br>(श) संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारद्धारा स्वीकृत मापदण्डहरु अनुसार सहमति लिई जेष्ठ नागरिक तथा जोखिममा परेका व्यक्तिहरुका लागि (आमाबुवा हेरचाह केन्द्र आवास गृह) औषधीउपचार तथा पालनपोषण व्यवस्था मिलाउन सहायता मिलाउने ।<br>(ष) सुरक्षित आप्रवासन सम्बन्धी गतिविधिहरु संचालनमा सहायता गर्ने ।<br>(स) धुम्रपान तथा सुर्तिजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान र उपचार सम्वन्धी कार्यक्रम गर्न मद्धत गर्ने । | सर्वाङ्गिण विकासको अवधारणालाई आत्मसाथ गर्दै कार्यक्रमहरुलाई अगाडी बढाउन । |

| | | | | |
|---|---|---|---|---|
| १ | **परिच्छेद - चार**<br>साधारण सभा तथा कार्य समिति<br>दफा १६: कार्य समितिको गठन तथा पदावधि | (ग) कार्य समितिको पदाधिकारीको पदावधि ५ बर्षको हुनेछ ।<br>(घ) बिशेष परिस्थिति सृजना भई साधारण सभा नभएको अवस्थामा पदावधि समाप्त भए पनि अर्को साधारण सभा नभए सम्मको लागि सोही पदाधिकारी बैधानिक हुनेछन् । | (ग) कार्य समितिको पदाधिकारी एवं सदस्यहरुको पदावधि २ (दुई) बर्षको हुनेछ ।<br>(घ) बिशेष परिस्थिति सृजना भई साधारण सभा एवं अधिवेशन नभएको अवस्थामा पदावधि समाप्त भए पनि अर्को १ (एक) बर्ष सम्मको लागि सोही पदाधिकारी एवं सदस्यहरु बैधानिक हुनेछन् ।<br>(ङ) कार्य समितिमा महिलाको प्रतिनिधित्व कम्तिमा १/३ (एक तिहाई) अनिवार्य हुनेछ । कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ (एक) जना महिला पदाधिकारी अनिवार्य हुनेछ । | संस्थालाई अझ सशक्त, संगठित, प्रभावकारी र समावेशी रुपमा अगाडी बढाउन । |
| २ | **परिच्छेद - चार**<br>साधारण सभा तथा कार्य समिति<br>दफा १८: कार्य समितिको काम, कर्तव्य र अधिकार | (क) साधारण सभाको निर्णय पालना गर्ने ।<br>(ख) आवश्यक परेको अवस्थामा बिभिन्न समिति, उप-समिति गठन गर्ने तथा कार्य बिभाजन गर्ने ।<br>(ग) कोषको परिचालन, पारिश्रमिकको व्यवस्था गर्ने तथा लेखापरीक्षण गराउने ।<br>(घ) आवश्यक कर्मचारीको नियुक्ती, कार्य जिम्मेवारी तथा पारिश्रमिक तोक्ने ।<br>(ङ) कार्य समितिको रिक्त पदमा बाँकी कार्य अवधिका लागि पद मनोनितद्वारा पूर्ति गर्ने ।<br>(च) आवश्यकतानुसार सल्लाहकार समितिको गठन गर्ने ।<br>(छ) साधारण सभामा पेश गर्नुपर्ने अविश्वास प्रस्ताव तथा अन्य बिशेष प्रस्ताव पेश गर्ने ।<br>(ज) साधारण सभाको आयोजना गर्ने ।<br>(झ) संस्थाको उद्देश्य हाँसिल गर्न आवश्यक पर्ने अन्य कार्यक्रमहरु संचालन गर्ने । | (क) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने, गराउने ।<br>(ख) संस्थाको आगामी बर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।<br>(ग) कोषको परिचालन, लेखापरीक्षक नियुक्ती, पारिश्रमिकको व्यवस्था गर्ने तथा लेखापरीक्षण गराउने ।<br>(घ) आवश्यक कर्मचारीको नियुक्ती, कार्य जिम्मेवारी तथा पारिश्रमिक तोक्ने ।<br>(ङ) कार्य समितिको रिक्त पदमा साधारण सभा नभए सम्मको अवधिको लागि मात्र एक तिहाई पद मनोनितद्वारा पूर्ति गर्ने ।<br>(च) संस्थाको उद्देश्य हाँसिल गर्न आवश्यक पर्ने कार्यक्रमहरु संचालन गर्ने, गराउने ।<br>(छ) संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।<br>(ज) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति, अन्य विषयगत समितिहरु र उप-समितिहरुको गठन गर्ने साथै आवश्यकता अनुरुप कार्यको जिम्मेवारी दिने । | कार्य समितिको काम, कर्तव्य र अधिकारको दायरालाई अझ फराकिलो बनाई कार्यहरुलाई चुस्त दुरुस्त रुपमा कार्यान्वयनमा लैजान । |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काभ्रेपलाञ्चोक

# दिगो विकासका लागि नागरिक मञ्च

(Civic Forum for Sustainable Development)

विधान २०६०

(प्रथम संशोधन २०६६ सहित)

श्री जिल्ला प्रशासन कार्यालयबाट मिति २०६६।६।२८ ... को निर्णयानुसार संशोधित विधान

| क्र.सं. | परिच्छेद दफा | पहिला भएको | हाल संशोधित वा थप भएको व्यहोरा | संशोधन वा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | **परिच्छेद - एक** दफा ०१: संक्षिप्त नाम र प्रारम्भ | छोटकरीमा यसलाई **"नागरिक मञ्च" वा "Civic Forum"** भनिनेछ । | छोटकरीमा यसलाई ***"सिविक फोरम (Civic Forum)"*** भनिनेछ । | संस्थाको नाम छोटकरीमा उच्चारण गर्न सजिलोको लागि । |
| २ | **परिच्छेद - एक** दफा ०३: यस संस्थाको आफ्नो छुट्टै छाप यस प्रकारको हुनेछ | दिगो विकासका लागि नागरिक मञ्च बनखु-१,काभ्रे २०६० CIVIC FORUM | **दिगो विकासका लागि नागरिक मञ्च**<br>**सिविक फोरम**<br>**२०६०** | संस्थाको नामसंग सुहाउँदो लोगो प्रयोगको लागि । |
| ३ | **परिच्छेद - दुई** उद्देश्य दफा ०७: संस्थाको उद्देश्यहरु | (क) सामाजिक परिचालनद्वारा दिगो विकासमा समुदायलाई अभिप्रेरित गराउने ।<br>(ख) वातावरणीय सन्तुलन तथा जैविक विविधताको संरक्षण र व्यवस्थापनमा सक्रिय रहने ।<br>(ग) नविकरणीय उर्जाको समुचित उपयोग र उर्जा अधिकार अभियानमा सक्रिय रहने ।<br>(घ) समुदायको आधारभूत स्वास्थ्य सेवा अर्न्तगत प्रतिरोधात्मक तथा उपचारात्मक सेवा कार्यक्रम सञ्चालन गर्ने ।<br>(ङ) मानव अधिकार, महिला अधिकार, वाल अधिकार तथा विपन्न वर्गको विकास माथिको अधिकारमा जनवकालत तथा सचेतना अभिबृद्धि गर्ने ।<br>(च) स्थानीय स्रोत र साधनको अधिकतम परिचालनद्वारा समुदायको भौतिक र मानवीय विकास कार्यमा सहयोग पुऱ्याउने ।<br>(छ) अनौपचारिक तथा औपचारिक शिक्षा विकास कार्यक्रममा संलग्न रही सामाजिकीकरण तथा सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउने । | (क) यो संस्था मुनाफा रहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।<br>(ख) सामाजिक परिचालनद्वारा दिगो विकासमा समुदायलाई अभिप्रेरित गराउने ।<br>(ग) वातावरणीय सन्तुलन तथा जैविक विविधताको संरक्षण र व्यवस्थापनमा सक्रिय रहने ।<br>(घ) नविकरणीय ऊर्जाको समुचित उपयोग र ऊर्जा अधिकार अभियानमा सक्रिय रहने ।<br>(ङ) समुदायको आधारभूत स्वास्थ्य सेवा अन्तर्गत प्रतिरोधात्मक तथा उपचारात्मक सेवा कार्यक्रम सञ्चालन गर्ने ।<br>(च) द्वन्द्व रुपान्तरण, शान्ति, मानव अधिकार, महिला अधिकार, वाल अधिकार, सामाजिक समावेशीकरण तथा विपन्न वर्गको विकास माथिको अधिकारमा जनवकालत तथा सचेतना अभिबृद्धि गर्ने ।<br>(छ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालनद्वारा समुदायको भौतिक र मानवीय विकास कार्यमा सहयोग पुऱ्याउने ।<br>(ज) अनौपचारिक तथा औपचारिक शिक्षा विकास कार्यक्रममा संलग्न रही सामाजिकीकरण तथा सामाजिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।<br>(झ) महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग लगायत अवसरवाट बञ्चित नागरिक र समुदायको लागि सीपमूलक तथा सेवामूलक अभियानका साथ अधिकारमुखी आन्दोलनमा सरिक गराउने तर्फ अभिप्रेरित गर्ने ।<br>(ञ) मानव बेचविखन, घरेलु हिंसा, विरुद्ध सहकार्य गर्दै सामाजिक बिकृति र बिसंगति न्यूनीकरण अभियान सञ्चालन गर्ने । | सर्वाङ्गिण विकासको अवधारणालाई आत्मसाथ गर्दै कार्यक्रमहरुलाई अगाडी बढाउनको लागि । |

| क्र.सं. | परिच्छेद<br>दफा | पहिला भएको | हाल संशोधित वा थप भएको व्यहोरा | संशोधन वा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| | परिच्छेद - दुई<br>उद्देश्य<br>दफा ०७. संस्थाको उद्देश्यहरु | (ज) महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग लगायत अवसरवाट बञ्चित नागरिक र समुदायको लागि सीपमूलक तथा सेवामूलक अभियानका साथ अधिकारमुखी आन्दोलनमा सरिक गराउने तर्फ अभिप्रेरित गर्ने ।<br>(झ) मानव बेचविखन, घरेलु हिंसा, विरुद्ध सहकार्य गर्दै सामाजिक बिकृति र बिसंगति न्यूनीकरण अभियान सञ्चालन गर्ने ।<br>(ञ) सामाजिक समस्याहरु, जोखिमहरु, कुलतहरु, लागु पदार्थ दुर्व्यसन, माहामारी र संक्रमित तथा विशिष्ट प्रकारका रोगहरु विरुद्धको कार्यक्रम सञ्चालन गर्ने ।<br>(ट) कृषि उत्पादन पद्धतिलाई दिगो बनाउन जैविक खेती प्रणाली, पर्माकल्चर, स्थानीय प्रजातीको संरक्षण तथा प्रवर्द्धनमा जोड दिने ।<br>(ठ) परम्परागत कृषि प्रणालीको आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ जोड दिने ।<br>(ड) सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वयमा खोज, अध्ययन, अनुसन्धान र तालिम सञ्चालन तथा सूचनाको आदान-प्रदान गर्ने । | (ट) सामाजिक समस्याहरु, जोखिमहरु, कुलतहरु, लागु पदार्थ दुर्व्यसन, माहामारी र संक्रमित तथा विशिष्ट प्रकारका रोगहरु विरुद्धको कार्यक्रम सञ्चालन गर्ने ।<br>(ठ) परम्परागत कृषि प्रणालीको आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ जोड दिंदै कृषि उत्पादन पद्धतिलाई दिगो बनाउन जैविक खेती प्रणाली, पर्माकल्चर, स्थानीय प्रजातीको संरक्षण तथा प्रवर्द्धनमा जोड दिने ।<br>(ड) खानेपानी, सरसफाई तथा सिंचाई सम्बन्धी गतिविधीहरु संचालनमा समुदायलाई सहयोग पुऱ्याउने ।<br>(ढ) सूचना प्रविधी तथा पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु संचालनमा सहयोग गर्ने ।<br>(ण) स्थानीय स्रोत र साधनको अधिकतम परिचालनद्वारा समुदायको भौतिक र मानवीय विकास कार्यमा सहयोग पुऱ्याउने ।<br>(त) पूर्वाधार एवं भौतिक विकास कार्यक्रम संचालनमा जन-समुदायलाई सहयोग गर्ने ।<br>(थ) सीपमूलक, सेवामूलक, आयमूलक तथा रोजगारमूलक कार्यक्रम संचालनद्वारा ग्रामीण समुदायको जीविकोपार्जनमा सहयोग तथा आत्मनिर्भर गराउँदै लैजाने ।<br>(द) जडीवुटी सम्वन्धी ब्यवसायीक खेतीको बारेमा तालिम, प्रचार-प्रसार, सङ्कलन, प्रशोधन तथा प्रवर्द्धन गरी ग्रामीण एवं दुर्गम क्षेत्रका गरीव, महिला, दलित तथा पछाडी परेको बर्गको रोजगारी एवं आय वृद्धिका अवसरहरु बढाउने ।<br>(ध) वातावरण संरक्षण र सम्बर्द्धन क्षेत्रमा वातावरण शिक्षा एवं तालिम प्रदान गरी जनस्तरसम्म वातावरणीय चेतना विकास गर्ने ।<br>(न) वनस्पति तथा वन्यजन्तुहरु र तिनीहरुको वासस्थानको परिस्थितिकीय मापन तथा सर्वेक्षण गर्ने ।<br>(प) सिमसार क्षेत्रमा वनस्पति, जिवजन्तु र मानव असर बारे अध्ययन, अनुसन्धान गर्ने ।<br>(फ) वन, वातावरण, माटो, पानी जस्ता प्राकृतिक सम्पत्तिहरुको विस्तृत अनुसन्धान गर्ने ।<br>(व) प्रकोपसंग सम्बन्धित नीतिगत सवालमा समेत सचेतना, जनवकालत, जनचेतना अभिवृद्धि, अध्ययन अनुसन्धान जस्ता क्रियाकलापहरु संचालन गर्ने ।<br>(भ) प्रकोप व्यवस्थापनको काम मानिसको मौलिक हक अधिकार र अन्तराष्ट्रिय मानवीय कानुन मानव अधिकारसंग समेत प्रत्यक्ष सरोकार राख्ने सवाल हो भन्ने बारेमा जनमानसमा जानकारी अभिवृद्धि गराउने<br>(म) प्रकोपको समयमा राहत तथा उद्धारका कार्यमा स्थानिय प्रशासन र स्थानिय निकायहरुसंग समन्वय गरी काम गर्ने ।<br>(य) सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वयमा खोज, अध्ययन, अनुसन्धान र तालिम सञ्चालन तथा सूचनाको आदान-प्रदान गर्ने ।<br>(र) सामुदायिक विकासका अन्य गतिविधिहरुमा सहभागी हुने । | सर्वाङ्गिण विकासको अवधारणालाई आत्मसाथ गर्दै कार्यक्रमहरुलाई अगाडी बढाउनको लागि । |

| क्र.सं. | परिच्छेद दफा | पहिला भएको | हाल संशोधित वा थप भएको व्यहोरा | संशोधित वा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ४ | परिच्छेद - तीन सदस्यता दफा ०९: (ग) मानार्थ सदस्य | विदेशी संस्था वा व्यक्तिलाई यस प्रकारको सदस्यता प्रदान गर्न श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । | विदेशी संस्था वा व्यक्तिलाई यस प्रकारको सदस्यता प्रदान गर्न नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । | संसद्बाट श्री ५ को सरकार खारेज गरी नेपाल सरकार घोषणा भएकोले । |
| ५ | परिच्छेद - चार साधारण सभा तथा कार्य समिति दफा १६: कार्य समितिको गठन तथा पदावधि | (क) कार्य समिति पदाधिकारीहरु देहाय बमोजिमका हुनेछन् ।<br>अध्यक्ष : १ जना<br>उपाध्यक्ष : १ जना<br>सचिव : १ जना<br>कोषाध्यक्ष : १ जना<br>सदस्य : ५ जना<br>(ख) उल्लेखित पदाधिकारीहरु मध्ये अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य ३ जना साधारण सभाबाट निर्वाचित हुनेछन् । बाँकी २ जना सदस्य निर्वाचित समितिले मनोनित गर्नेछ | (क) कार्य समिति पदाधिकारीहरु देहाय बमोजिमका हुनेछन् ।<br>अध्यक्ष : १ जना<br>उपाध्यक्ष : १ जना<br>सचिव : १ जना<br>कोषाध्यक्ष : १ जना<br>सदस्य : ३ जना<br>(ख) उल्लेखित पदाधिकारीहरु साधारण सभाबाट निर्वाचित हुनेछन् । | प्रत्यक्ष निर्वाचनद्वारा संस्थाको कार्य समितिका पदाधिकारीहरुको चयन गरी संस्थाको व्यवस्थापन चुस्त बनाउनको लागि । |
| ६ | परिच्छेद - पाँच पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार दफा २१: आर्थिक स्रोत | (क) सदस्यता शुल्क तथा सदस्यबाट उठेको सहयोग शुल्क ।<br>(ख) बिभिन्न व्यक्ति, सरकारी तथा गैर सरकारी संघ/संस्था वा कम्पनीबाट प्राप्त वा अन्य सहयोग ।<br>(ग) बिभिन्न सामाजिक कार्यक्रम संचालन गर्दा प्राप्त हुने रकम ।<br>(घ) बिभिन्न स्वदेशी तथा बिदेशी संस्थाहरुबाट प्राप्त संस्थागत र कार्यक्रमिक अनुदान, (बिदेशी अनुदान लिनु पूर्व श्री ५ को सरकारको स्वीकृती लिनु पर्नेछ)<br>(ङ) कानुन सम्मत अन्य बिभिन्न स्रोतबाट प्राप्त रकम । | (क) सदस्यता शुल्क तथा सदस्यबाट उठेको सहयोग शुल्क ।<br>(ख) बिभिन्न व्यक्ति, सरकारी तथा गैर सरकारी संघ/संस्था वा कम्पनीबाट प्राप्त वा अन्य सहयोग ।<br>(ग) बिभिन्न सामाजिक कार्यक्रम संचालन गर्दा प्राप्त हुने रकम ।<br>(घ) बिभिन्न स्वदेशी तथा बिदेशी संस्थाहरुबाट प्राप्त संस्थागत र कार्यक्रमिक अनुदान, ( बिदेशी अनुदान लिनु पूर्व नेपाल सरकारको सरकारको स्वीकृती लिनु पर्नेछ)<br>(ङ) कानुन सम्मत अन्य बिभिन्न स्रोतबाट प्राप्त रकम ।<br>(च) कसैले स्व: इच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।<br>(छ) संस्थाको चल-अचल सम्पत्ति वा अन्य बस्तुको बिक्रीबाट प्राप्त रकम । | संसद्बाट श्री ५ को सरकार खारेज गरी नेपाल सरकार घोषणा भएकोले साथै आर्थिक स्रोतको दायरा फाराकिलो पार्नको लागि । |
| ७ | परिच्छेद - पाँच पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार दफा २४: निर्वाचन | साधारण सभाद्वारा एक निर्वाचन समिति गठन गरी सोही निर्वाचन समितिले कार्य समिति पदाधिकारीको निर्वाचन गर्ने छ । यसको लागि साधारण सभाले निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य बिधी तयार गरी निर्वाचन समिति मार्फत कार्य संचालन गरिने छ । | (क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।<br>(ख) निर्वाचन समितिले प्रचलित कानुनको परिधी भित्र रहेर निर्वाचन कार्य विधी आफै व्यवस्थित गर्नेछ ।<br>(ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुने छ ।<br>(घ) निर्वाचन सम्पन्न भएपछि यो समिति स्वत: विघटन हुनेछ । | निर्वाचन समितिको क्षेत्राधिकार स्पष्ट खुलाउनको लागि । |

| क.सं. | परिच्छेद दफा | पहिला भएको | हाल संशोधित वा थप भएको व्यहोरा | संशोधन वा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| ८ | **परिच्छेद - पाँच**<br>पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार | उमेद्वार हुने योग्यता नभएको | **२५ : <u>उम्मेद्वार हुने योग्यता</u>**<br>**कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुन पर्ने छ :**<br>(क) नेपाली नागरिक ।<br>(ख) १६ बर्ष उमेर पुरा गरेको ।<br>(ग) मानसिक सन्तुलन नगुमाएको ।<br>(घ) सार्वजनिक सम्पत्ति हिनाविना नगरेको ।<br>(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।<br>(च) सम्बन्धित संस्थाको व्यवसायमा निजि स्वार्थ नभएको ।<br>(छ) साहूको दामासाहीमा नपरेको ।<br>(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसांझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुरदन ठहरी सजाय नपाएको ।<br>(झ) सदस्यता शुल्क बुझाउन बाँकी नभएको सदस्य । | दफा २५: [illegible] र पदपूर्तिलाई दफा २६: मा कायम त्यो भन्दा पछाडिको दफा स्वःत बढ्दै जाने गरी दफा २५: मा कार्य समितिको पदाधिकारीमा उमेद्वार हुने योग्यता उल्लेख नभएकोले थप गरिएको । |
| ९ | **परिच्छेद - पाँच**<br>दफा ३२: बिघटन | यस संस्थाको बिघटन भएमा यसको सम्पूर्ण चल-अचल सम्पति र जायजेथा श्री ५ को सरकारमा सर्नेछ । | यस संस्थाको बिघटन भएमा यसको सम्पूर्ण चल-अचल सम्पति र जायजेथा नेपाल सरकारमा सर्नेछ । | संसद्बाट श्री ५ को सरकार खारेज गरी नेपाल सरकार घोषणा भएकोले । |

# दिगो विकासका लागि नागरिक मञ्च
## Civic Forum for Sustainable Development
## सामाजिक संस्थाको
## विधान
## २०६०

**प्रस्तावना :**

समाजमा विद्यमान साधन र स्रोतलाई एकिकृत गरी समुदाय परिचालनको प्रकृयाद्वारा समाजको समग्र विकासमा टेवा पुऱ्याउन एक सामाजिक संस्थाको आवश्यकता महसुस गरी "दिगो विकासका लागि नागरिक मञ्च" गैर सरकारी संस्था गठन गरिएको छ ।

उपरोक्त भावना र आकांक्षाहरुको प्रतिबिम्ब स्वरुप स्थापना भएको यस "दिगो विकासका लागि नागरिक मञ्च" को माध्यमबाट सृजनशील प्रतिभाहरुको क्रमिक प्रगति र उन्नतिको कामना गर्दै देश विकासका निम्ति खुल्ला विचार यस संस्थामा अन्तर्निहित हुने छ ।

कुनैपनि घर परिवारको जीवन्त इतिहास भनेकै पारिवारिक श्रृङखलाको क्रमबद्धता हो । मानवीय प्राकृतिक जीवनको हजारौं वर्षको इतिहासलाई आत्मसात गर्दै अन्ततः संस्थालाई सयौं वर्षसम्म जीवन्तता दिने आत्मविश्वासका साथ यो संस्था आफ्नो मातृभूमि प्रति सदैव सकृयरत हुने छ ।

## परिच्छेद - एक
## प्रारम्भिक

०१ : **संक्षिप्त नाम र प्रारम्भ :**

यस संस्थाको नाम नेपालीमा "दिगो विकासका लागि नागरिक मञ्च" र अंग्रेजीमा "Civic Forum for Sustainable Development" रहने छ ।
छोटकरीमा यसलाई "नागरिक मञ्च" वा "Civic Forum" भनिने छ ।

०२ : **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) "विधान" भन्नाले "दिगो विकासका लागि नागरिक मञ्च" को विधान भन्ने बुझ्नुपर्छ ।

(ख) "कार्य समिति" भन्नाले यस विधानको दफा १६ बमोजिम गठित कार्य समितिलाई जनाउँछ ।

(ग) "सदस्य" भन्नाले यस संस्थाको दफा ८ बमोजिम योग्यता पुगी दफा ९ बमोजिम सदस्यता प्राप्त व्यक्तिलाई बुझाउँछ ।

(घ) "पदाधिकारी" भन्नाले यस विधानको दफा १६ बमोजिम गठित कार्य समितिका पदाधिकारी र सदस्यहरु समेतलाई बुझाउँछ ।

(ङ) "नियमावली" भन्नाले यस बिधान अर्न्तगत बनेको नियम, बिनियमलाई सम्झनु पर्दछ ।

(च) "साधारण सभा" भन्नाले यस संस्थाको साधारण सभालाई सम्झनु पर्दछ ।

(छ) "कोष" भन्नाले यस संस्थाको कोषलाई जनाउँछ ।

(ज) "निर्वाचन अधिकृत" भन्नाले यस विधान वमोजिम नियुक्त निर्वाचन अधिकृतलाई सम्झनु पर्छ

(झ) "स्थानिय अधिकारी" भन्नाले संस्था दर्ता ऐन २०३४ अनुसार संस्था दर्ता गर्न अधिकार प्राप्त अधिकारीलाई जनाउँछ ।

०३ : यस संस्थाको आफ्नो छुट्टै छाप यस प्रकार हुनेछ ।



०४ : कार्य क्षेत्र :

यस संस्थाको कार्य क्षेत्र नेपाल अधिराज्य भर हुनेछ ।

०५ : संस्थाको कार्यालय :

यस संस्थाको केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनखुचौर गाउँ विकास समिति वडा नं.- १, गोल्टार मा रहने छ । आवश्यकताअनुसार कार्य समितिले निर्णय गरी कार्यालय अन्यत्र सार्न सक्ने तथा शाखा, उप-शाखा र सम्पर्क कार्यालयहरु समेत खोल्न सकिनेछ तर अन्यत्र कार्यालय खोल्दा सम्बन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

०६ : संगठित संस्था :

(क) प्रस्तावनाको भावना बमोजिम संस्थाको स्थापना गरिएको छ ।
(ख) यो संस्था अविछिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्था हुनेछ ।
(ग) यो सस्थाले प्रचलित कानुनले तोके बमोजिम व्यक्ति सरह चल-अचल सम्पती खरिद बिक्री गर्न, दान-दातव्य लिन-दिन सक्नेछ ।
(घ) यस संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही अनुसार नालिस-उजुर लाग्नेछ ।

## परिच्छेद- दुई
## उद्देश्य

७ : संस्थाका उद्देश्यहरु :

(क) सामाजिक परिचालनद्वारा दिगो विकासमा समुदायलाई अभिप्रेरित गराउने ।
(ख) वातावरणीय सन्तुलन तथा जैविक विविधताको संरक्षण र व्यवस्थापनमा सक्रिय रहने ।
(ग) नविकरणीय उर्जाको समुचित उपयोग र उर्जा अधिकार अभियानमा सक्रिय रहने ।
(घ) समुदायको आधारभूत स्वास्थ्य सेवा अन्तर्गत प्रतिरोधात्मक तथा उपचारात्मक सेवा कार्यक्रम सञ्चालन गर्ने ।
(ङ) मानव अधिकार, महिला अधिकार, वाल अधिकार तथा विपन्न वर्गको विकास माथिको अधिकारमा जनवकालत तथा सचेतना अभिवृद्धि गर्ने ।
(च) स्थानीय स्रोत र साधनको अधिकतम परिचालनद्वारा समुदायको भौतिक र मानवीय विकास कार्यमा सहयोग पुर्‍याउने ।
(छ) अनौपचारिक तथा औपचारिक शिक्षा विकास कार्यक्रममा संलग्न रही सामाजिकीकरण तथा सामाजिक रुपान्तरणमा सहयोग पुर्‍याउने ।

(ज) महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग लगायत अवसरवाट बञ्चित नागरिक र समुदायको लागि सीपमूलक तथा सेवामूलक अभियानका साथ अधिकारमुखी आन्दोलनमा सरीक गराउने तर्फ अभिप्रेरित गर्ने ।

(झ) मानव बेचविखन, घरेलु हिंसा, विरुद्ध सहकार्य गर्दै सामाजिक बिकृति र बिसंगति न्यूनीकरण अभियान सञ्चालन गर्ने ।

(ञ) सामाजिक समस्याहरु, जोखिमहरु, कुलतहरु, लागु पदार्थ दुर्व्यसन, माहामारी र संक्रमित तथा विशिष्ट प्रकारका रोगहरु विरुद्धको कार्यक्रम सञ्चालन गर्ने ।

(ट) कृषि उत्पादन पद्धतिलाई दिगो बनाउन जैंविक खेती प्रणाली, पर्माकल्चर, स्थानीय प्रजातीको संरक्षण तथा प्रवर्द्धनमा जोड दिने ।

(ठ) परम्परागत कृषि प्रणालीको आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ जोड दिने ।

(ड) सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वयमा खोज, अध्ययन, अनुसन्धान र तालिम सञ्चालन तथा सूचनाको आदान-प्रदान गर्ने ।

## परिच्छेद - तीन

## सदस्यता

८ : **सदस्यताको लागि योग्यता :**

प्रचलित कानुन बमोजिम फौजदारी अभियोगमा सजाय भोगिरहेका र मानसिक सन्तुलन विग्रेका बाहेक यस संस्थाको विधान निःशर्त पालना गर्ने १६ वर्ष उमेर पुगेका नेपाली नागरिकहरु यस संस्थाको सदस्यता प्राप्त गर्न योग्य ठहरिनेछन् ।

९ : **सदस्यताको प्रकार र सदस्यता प्रदान गर्ने विधि :**

(क) **साधारण सदस्य :**

साधारण सदस्य शुल्क रु.१००।- (अक्षरुपी एकसय) रुपैयाँ तिरी सदस्यता प्राप्त गर्न सकिनेछ । यस प्रकारको सदस्यले प्रत्येक वर्ष नवीकरण शुल्क रु. २५।- (अक्षरुपी पच्चिस) रुपैयाँ तिरी नवीकरण गर्नु पर्नेछ ।

(ख) **आजीवन सदस्य :**

एकमुष्ट रु. ५०१।- (अक्षरुपी पाँच सय एक) रुपैयाँ तिरी आजीवन सदस्यता प्राप्त गर्न सकिनेछ ।

(ग) **मानार्थ सदस्य :**

यस संस्थाको हितमा उल्लेखनीय सहयोग गर्ने व्यक्ति वा संस्थालाई कार्य समितिले आवश्यक ठानेमा मानार्थ सदस्यता दिन सक्नेछ । यस प्रकारको सदस्यलाई मताधिकारको अधिकार हुने छैन । बैदेशिक नागरिक वा संस्थालाई समेत यस प्रकारको सदस्यता दिन सकिनेछ । विदेशी संस्था वा व्यक्तिलाई यस प्रकारको सदस्यता प्रदान गर्न श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(घ) **संस्थापक सदस्य :**

यस संस्थाको स्थापना गर्दाको अवस्थामा रहेको सदस्यहरु संस्थापक सदस्य हुनेछन् ।

(ङ) **सदस्यता प्रदान गर्ने विधि :**

यस विधानको परिधिभित्र रही सदस्यताको लागि योग्यता पुगेका उम्मेदवारले संस्थाको सदस्यताको लागि अध्यक्ष समक्ष दरखास्त दिन सक्नेछन् । सदस्यता दिने वा नदिने भन्ने निर्णय कार्य समितिले गर्नेछ । संस्थाको कार्य समितिले सदस्यता प्रदान गर्ने निर्णय गरेको जानकारी प्राप्त गरेको मितिले १५ दिनभित्र संस्थाको नियम बमोजिम सदस्यता लिइसक्नु पर्नेछ ।

१० : **सदस्यताको खारेजी :**

देहायको अवस्थामा सदस्यताको समाप्ति हुनेछ ।

(क) मृत्यु भएमा

(ख) राजिनामा दिई स्वीकृत भएमा

(ग) मगज बिग्रेमा

(घ) फौजदारी अभियोग लागी प्रमाणित भएमा

(ङ) संस्थाको हित विरुद्ध काम कारवाही गरेको कार्य समितिले ठहर गरेमा तर उपरोक्त अवस्थामा सफाई दिने अवसरवाट बञ्चित गरिने छैन ।

## परिच्छेद - चार
## साधारण सभा तथा कार्य समिति

११ : **साधारण सभा :**

(क) साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(ख) कार्य समिति साधारण सभाप्रति उत्तरदायी हुनेछ ।

(ग) संस्थाको कार्यनीति साधारण सभाको निर्णयअनुसार हुनेछ ।

१२ : **साधारण सभाको प्रकार र बैठक :**

(क) वार्षिक साधारण सभा :

वार्षिक साधारण सभा नियमित रुपमा वर्षमा एक पटक बस्नेछ ।

(ख) विशेष साधारण सभा :

विशेष साधारण सभा, साधारण सभा नभएको वा साधारण सभाको ३ महिनाअघि र पछिको अवस्थामा कार्य समितिले आवश्य ठानेमा वा साधारण सदस्य मध्ये एक तिहाई सदस्यले आवश्यक ठानी कार्य समिति समक्ष लिखित माग गरेमा १ महिनाभित्र बस्नेछ ।

(ग) साधारण सभा विशेष अवस्थामा कार्य समितिले १ वर्षसम्म पर सार्न सक्नेछ तर पछि हुने साधारण सभाबाट यसको अनुमोदन गराउनु पर्नेछ ।

१३ : साधारण सभाको कार्य विधि :

(क) साधारण सभा कार्य समितिको अध्यक्ष वा निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । दुवै अनुपस्थितिमा कार्य समितिले तोकेको सदस्यको संयोजनमा बस्नेछ ।

(ख) साधारण सभाको जानकारी कम्तिमा १५ दिन अगाडि लिखित रुपमा सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(ग) साधारण सभाको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

(घ) साधारण सभामा गणपूरक संख्या नपुगेमा सो को १ महिनाभित्र कार्यसमितिले पुन साधारण सभा बोलाउनेछ । त्यहाँ उपस्थित सदस्य संख्यालाई नै गणपूरक संख्या मानिने छ ।

१४ : साधारण सभाको काम, कर्तव्य र अधिकार :

(क) वार्षिक कार्य योजना तथा अनुमानित बजेट पास गर्ने

(खं) कार्य समितिको काम कारवाहीको बारेमा छलफल, टीका टिप्पणी तथा अनुमोदन गर्ने

(ग) प्रगति प्रतिवेदन उपर छलफल गरी पारित गर्ने

(घ) लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने

(ङ) लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने

(च) टेवुल भएका अविश्वास प्रस्ताव तथा अन्य प्रस्तावहरु उपर छलफल गरी निर्णय दिने

(छ) कार्य समितिको निर्वाचन गर्ने

(ज) संस्थाको कार्य संचालनको लागि विधानको अधिनमा रही नीति-नियम बनाउने

(झ) संस्थाको विधान संशोधन गर्ने तिनको पालना गर्ने/गराउने । (संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति पछि मात्र लागु हुनेछ)

१५ : साधारण सदस्यको काम, कर्तव्य र अधिकार :

(क) साधारण सभामा सक्रिय रुपमा भाग लिने

(ख) मताधिकार प्रयोग गर्ने

(ग) कार्य-समितिको निर्वाचनमा चुन्ने-चुनिने तथा अन्य पदमा मनोनित वा नियुक्त हुने

(घ) साधारण सभा तथा कार्य समितिले दिएको जिम्मेवारी पूरा गर्ने

(ङ) संस्थाको हित हुने कार्य गर्ने

१६ : कार्य समितिको गठन तथा पदावधि :

(क) कार्य समिति पदाधिकारीहरु देहाय बमोजिमका हुनेछन् ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | १ जना |
| उपाध्यक्ष | : | १ जना |
| सचिव | : | १ जना |
| कोषाध्यक्ष | : | १ जना |
| सदस्य | : | ५ जना |
| जम्मा | : | ९ जना |

(ख) उल्लेखित पदाधिकारीहरु मध्ये अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य ३ जना साधारण सभाबाट निर्वाचित हुनेछन् । बाँकी २ जना सदस्य निर्वाचित समितिले मनोनित गर्ने छ ।

(ग) कार्य समितिको पदाधिकारीको पदावधि ५ वर्षको हुनेछ ।

(घ) विशेष परिस्थिति सृजना भई साधारण सभा नभएको अवस्थामा पदावधि समाप्त भए पनि अर्को साधारण सभा नभएसम्मको लागि सोही पदाधिकारी वैधानिक हुनेछन् ।

१७ : **कार्य समितिको बैठक :**

(क) कार्य समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै वेला पनि वस्न सक्नेछ ।

(ख) बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।

(ग) बैठकको निर्णय प्रक्रिया बहुमतको आधारमा हुनेछ ।

(घ) निर्णयको स्पष्ट अभिलेख राखिनेछ ।

१८ : **कार्य समितिको काम, कर्तव्य र अधिकार :**

(क) साधारण सभाको निर्णय पालना गर्ने

(ख) आवश्यक परेको अवस्थामा विभिन्न समिति, उपसमिति गठन गर्ने, कार्य विभाजन गर्ने

(ग) कोषको परिचालन, पारिश्रमिकको व्यवस्था गर्ने तथा लेखा परीक्षण गराउने

(घ) आवश्यक कर्मचारीको नियुक्ति, कार्य जिम्मेवारी तथा पारिश्रमिक तोक्ने

(ङ) कार्य समितिको रिक्त पदमा बाँकी कार्य अवधिका लागि पद मनोनितद्वारा पूर्ति गर्ने

(च) आवश्यकतानुसार सल्लाहकार समितिको गठन गर्ने

(छ) साधारण सभामा पेश गर्नुपर्ने अविश्वास प्रस्ताव तथा अन्य बिशेष प्रस्ताव साधारण सभामा पेस गर्ने

(ज) सधारण सभाको आयोजना गर्ने

(झ) संस्थाको उद्देश्य हाँसिल गर्न आवश्यक पर्ने अन्य कार्यक्रमहरु संचालन गर्ने

## परिच्छेद - पाँच
## पदाधिकारीको काम, कर्तव्य र अधिकार

१९ : **पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) बैठकमा भाग लिने

(ख) संस्थाको नेतृत्व विकास तथा संरक्षण गर्ने

(ग) कार्य समितिको विघटन भएमा साधारण सभासम्मको लागि तदर्थ समिति गठन गरी संस्थालाई निरन्तरता दिने ।

**अध्यक्ष :**

(क) बैठक तथा साधारण सभामा सभापतित्व गर्ने

(ख) बैठक वा सभामा निर्णायक मत दिने

(ग संस्थाको प्रतिनिधित्व गर्ने तथा अधिकार प्रत्यायोजन गर्ने

(घ) संस्थाद्वारा कार्यक्रमको निरीक्षण, अनुगमन, मूल्याङ्कन गरी निर्देशन दिने

(ङ) संस्थाको हितको लागि आवश्यक कार्य गर्ने

**उपाध्यक्ष :**

(क) अध्यक्षको काममा सहयोग गर्ने

(ख) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएका सम्पूर्ण कार्य गर्ने

(ग) संस्थाको हितको लागि आवश्यक कार्य गर्ने

**सचिव :**

(क) कार्यालय संचालन, व्यवस्थापन गर्ने

(ख) अध्यक्षको निर्देशनमा बैठक बोलाउने तथा बैठक संचालन गर्ने

(ग) प्रतिवेदन तथा कार्य योजना तयार गरी बैठक वा सभामा पेस गर्ने तथा निर्णय लागु गराउने

(घ) संस्थाको हित हुने कार्य गर्ने ।

कोषाध्यक्ष :

(क) कोषको व्यवस्थित परिचालन गर्ने
(ख) कोषको रेकर्ड, विवरण तथा अनुमानित बजेट बैठक तथा सभामा पेस गर्ने
(ग) लेखा प्रणाली व्यवस्थित गरी परीक्षण गर्न सघाउने
(घ) संस्थाको हित हुने कार्य गर्ने

सदस्य :

(क) कार्य समितिको बैठकमा भाग लिने
(ख) संस्थाको हित हुने प्रस्तावहरु बैठकमा पेस गर्ने तथा प्रस्ताव उपरको छलफल तथा निर्णय प्रक्रियामा भाग लिने
(ग) संस्थाको कार्यक्रम सफल पार्न सहयोग गर्ने
(घ) संस्थाको हित हुने कार्य गर्ने

अन्य पदाधिकारी :

कार्य समितिले दिएको जिम्मेवारी पूरा गर्नुका साथै संस्थाको हित हुने कार्य गर्ने।

२० : पदाधिकारीको पदावधि समाप्त हुने :

(क) मृत्यु भएमा
(ख) पदबाट राजिनामा दिई स्वीकृत भएमा
(ग) मानसिक सन्तुलन बिग्रेमा
(घ) फौजदारी अभियोग लागि प्रमाणित भएमा
(ङ) बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा
(च) संस्थाको हित विपरीत कार्य गरेको कार्य समितिले ठहर गरेमा तर उपरोक्त अवस्थामा सफाई दिने अवसरवाट बञ्चित गरिने छैन ।

२१ : आर्थिक स्रोत :

(क) सदस्यता शुल्क तथा सदस्यबाट उठेको सहयोग शुल्क
(ख) विभिन्न व्यक्ति, सरकारी तथा गैर सरकारी संघ, संस्था वा कम्पनीबाट प्राप्त वा अन्य सहयोग
(ग) विभिन्न सामाजिक कार्यक्रम संचालन गर्दा प्राप्त हुने रकम
(घ) बिभिन्न स्वदेशी तथा बिदेशी संस्थाहरुवाट प्राप्त संस्थागत र कार्यक्रमिक अनुदान, (बिदेशी अनुदान लिनु पूर्व श्री ५ सरकारको स्वीकृति लिनु पर्नेछ)
(ङ) कानुन सम्मत अन्य विभिन्न स्रोतबाट प्राप्त रकम ।

२२ : सम्पति विवरण तथा कोष संचालन :

(क) यस संस्थाको चल-अचल सम्पतिको विवरण स्पष्ट अभिलेख राखिनेछ ।
(ख) अध्यक्ष र कोषाध्यक्षको संयूक्त हस्ताक्षरमा नजिकको बैङ्कमा खाता खोली सोही खातामा कोष जम्मा गर्ने र बैङ्क चेक भुक्तानीको आधारमा कोष संचालन गरिनेछ ।
(ग) प्रचलित नियमअनुसार दोहोरो लेखा राखिनेछ ।

२३ : लेखा परीक्षण :

(क) आय-व्ययको विवरण प्रत्येक आर्थिक वर्ष पश्चात् मान्यता प्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण गराइनेछ ।
(ख) लेखा परीक्षण प्रतिवेदन साधारण सभा समक्ष पेस गरिनेछ ।
(ग) दफा "ख" अनुसार पेस भई पारित तथा स्वीकृत भएका प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेस गरिनेछ तथा समाज कल्याण परिषद्मा समेत पारित तथा स्वीकृत प्रतिवेदन जानकारीको लागि पठाइनेछ ।

२४ : निर्वाचन :

साधारण सभाद्वारा एक निर्वाचन समिति गठन गरी सोही निर्वाचन समितिले कार्य समिति पदाधिकारीको निर्वाचन गर्ने छ । यसको लागि साधारण सभाले निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य बिधी तयार गरी निर्वाचन समिति मार्फत कार्य संचालन गरिने छ ।

२५ : राजिनामा र पदपूर्ति :

(क) अध्यक्षले कार्य समितिसमक्ष र अन्य सदस्य तथा पदाधिकारीहरुले अध्यक्षसमक्ष राजिनामा पेस गर्नेछन् । अध्यक्षको राजिनामा कार्य समितिले र सदस्य र अन्य पदाधिकारीको राजिनामा अध्यक्षले स्वीकृत गर्नेछ ।

(ख) राजिनामा स्वीकृत भई पद रिक्त भएमा सो रिक्त पदहरुमा कार्य समितिले सो पदावधि पूरा नहुञ्जेल सम्मका लागि पदपूर्ति गर्नेछ ।

२६ : अविश्वास प्रस्ताव :

संस्थाको कुनै पनि पदाधिकारी बिरुद्ध अविश्वास प्रस्तावको लागि साधारण सदस्य संख्याको एक तिहाई सदस्यले कार्य समिति वा साधारण सभा समक्ष पेस गर्नुपर्ने छ, साथै प्रस्ताव पारित हुनको लागि कुल सदस्य संख्याको दुई तिहाईले अनुमोदन गर्नुपर्ने छ तर यस सम्बन्धमा निजलाई सफाईको मौका दिईने छ ।

२७ : नियम-विनियम बनाउने अधिकार :

विधानको अधिनमा रही कार्यसमितिले नियम-बिनियम बनाउने छ । सो नियम-बिनियमलाई साधारण सभावाट अनुमोदन गराउन पर्नेछ ।

२८ : संस्था दर्ता ऐन अन्तर्गत हुने :

यस विधानमा नखुलेका कुराहरु संस्था दर्ता ऐन २०३४ अन्तर्गत हुनेछ ।

२९ : वदर हुने :

यस विधानमा उल्लेख भएका कुराहरु संस्था दर्ता ऐन २०३४ र अन्य प्रचलित कानुनहरु संग बाँझिएमा बाँझिएको हद सम्म बदर हुने छ ।

३० : विधानको ब्याख्या :

यस बिधानको अन्तिम ब्याख्या साधारण सभाले गर्ने छ । साधारण सभा नभएको अवस्थामा बिधानको ब्याख्या कार्यसमितिले गर्नेछ ।

३१ : विधान संशोधन :

साधारण सभाको बहुमतले विधान संशोधन गर्न सक्नेछ । तर संशोधित विधान स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र लागु हुनेछ ।

३२ : बिघटन :

यस संस्थाको बिघटन भएमा यसको सम्पूर्ण चल-अचल सम्पति र जायजेथा श्री ५ को सरकारमा सर्नेछ ।